नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७६/७७
च. नं.:- २६७

मिति : २०७७/२/४

विषयः समपूरक अनुदानबाट कार्यान्वयन हुने कार्यक्रम/आयोजना ।

श्री सबै स्थानीय तह।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ (संशोधन समेत) बमोजिम आर्थिक वर्ष २०७७/७८ मा त्यस पालिकाले समपूरक अनुदानमार्फत प्राप्त गर्ने कार्यक्रम/आयोजनाहरू र बजेट एवं अनुदान रकम खर्च गर्ने मार्गदर्शन मिति २०७७/१/३१ को निर्णय (मा.मन्त्रीस्तर) अनुसार उपलब्ध गराइएको व्यहोरा अनुरोध छ।

समपूरक अनुदान खर्च गर्दा पालना गर्नुपर्ने मार्गदर्शन

१. अनुदान रकम खर्च गर्दा जुन कार्यक्रम/आयोजनाको लागि अनुदान प्राप्त भएको हो सो कार्यक्रम/आयोजनामा मात्र खर्च गर्नु पर्नेछ।

२. अनुदानवापत प्राप्त रकम उपभोक्ता समितिमार्फत सञ्चालन हुने कार्यक्रम/आयोजनामा खर्च गर्न पाइने छैन।

३. अनुदानवापतको रकम स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

४. अनुदान रकम खर्च गर्दा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंकिङ्ग प्रणालीमार्फत गर्नु पर्नेछ।

५. प्रचलित कानून बमोजिम खर्चको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने तहको हुनेछ।

६. स्थानीय तहले कार्यक्रम/आयोजना प्रस्ताव पेश गर्दा तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो कार्यक्रम/आयोजना स्थानीय तहले आफ्नै श्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
(वित्तीय संघीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

७. स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम/आयोजनाको प्रगति प्रतिवेदन चौमासिक रुपमा अर्थ मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयसमक्ष समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(संशोधन सहित) को अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

८. विनियोजन ऐन बमोजिम समपूरक अनुदान वापत नेपाल सरकारबाट हस्तान्तरण भई आएको रकम २०७८ आषाढ मसान्तसम्ममा खर्च नभएमा सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय संचित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

९. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

१०. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(संशोधन सहित)) को पूर्ण पालना गरी खर्च, लेखाङ्कन र प्रतिवेदन गर्नु पर्नेछ।

११. कार्यक्रम/आयोजनाको लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा नेपाल सरकारले त्यस्तो कार्यक्रम/आयोजना सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने अनुदानबाट कट्टा गर्न वा रोक्का राख्न सक्नेछ।

१२. नेपाल सरकारले स्थानीय तहका लागि हस्तान्तरण गरेको समपूरक अनुदानबाट सञ्चालन गर्ने आयोजनाका लागि स्थानीय तहले ब्यहोर्नु पर्ने बजेटको हिस्सा सुनिश्चित गरेर मात्र समपूरक अनुदानको रकमलाई वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ।

नोटः त्यस पालिकाले आर्थिक वर्ष २०७७/७८ मा समपूरक अनुदानमार्फत प्राप्त गर्ने कार्यक्रम/आयोजनाहरू र बजेटको विवरण एवं अनुदान रकम खर्च गर्ने मार्गदर्शन Sub-National Treasury Regulatory Application (SuTRA) मा प्रविष्टी गरिएको व्यहोरा अनुरोध छ।

(सुवोध खतिवडा)
उप-सचिव

बोधार्थः
श्री राष्ट्रिय योजना आयोग,
सिंहदरबार, काठमाण्डौ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np